का.जि.प्र.का.द.नं. १००/०५९/६०

१६ वैशाख २०८०,
शनिबार
29 April 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ९३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



जनकपुर उपमहानगरपालिकाको पूर्व-दक्षिण क्षेत्रस्थित पुरनदाहास्थित परशुराम तलाउमा पानी कम भएपछि माछा मार्दै स्थानीय । तस्वीरः चन्द्रदेव साह, रासस

# अप्ठ्यारोमा प्रधानमन्त्री

सत्ता समीकरण मिलाउन नसकेर प्रधानमन्त्री बनेको चार महिनासम्म मन्त्रिपरिषद् गठन गर्न नसकेका पुष्पकमल दाहाल 'प्रचण्ड' उपनिर्वाचनको जनादेशका कारण थप दबाबमा देखिएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ वैशाख ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई मागेकै मन्त्रालय दिएर भएपनि सरकारमा सहभागी गराउनुपर्ने बताएका छन् । राजधानी उपत्यकामा आयोजित एक कार्यक्रममा किराँतीले उपनिर्वाचनको नतिजालाई सम्मान गर्न रास्वपाले मागेकै मन्त्रालय दिएर सरकारमा ल्याउनुपर्ने बताए ।

त्यसका लागि आफू त्याग गर्न तयार रहेको पनि उनले बताए । मन्त्री किराँतीले सार्वजनिक रुपमै राखेका धारणामा माओवादी केन्द्रका अरु नेताहरु पनि सहमत देखिन्छन् । माओवादी निकट स्रोतका अनुसार, प्रधानमन्त्री प्रचण्ड पनि रास्वपालाई सरकारमा ल्याउने पक्षमै छन् । 'रवि लामिछाने र उसको पार्टीले जस्तो मत उपनिर्वाचनमा पाएको छ । त्यसले जनमत रास्वपासँग रहेकै देखिन्छ', माओवादीका एक नेता भन्छन्, 'उपनिर्वाचनको प्रष्ट सन्देश रास्वपालाई सरकारमा ल्याउने हो ।'

गत ११ पुसमा प्रचण्डले प्रधानमन्त्रीको शपथ लिदा सँगै रास्वपाका सभापति रवि लामिछानेले उपप्रधान एवम् गृहमन्त्रीको शपथ



> रास्वपालाई गृहसहित उसले मागेको मन्त्रालय दिनुपर्ने, जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव आफैं सरकारमा आउने चाहनामा रहेको र प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसको संस्थापन इतर समूह मनाउनु प्रचण्डलाई सजिलो छैन ।

लिएका थिए । तर नागरिकता विवादमा सर्वोच्च अदालतले गरेको फैसलापछि १२ माघमा लामिछाने उपप्रधान एवम् गृहमन्त्री, सांसद र पार्टी सभापतिबाट पदमुक्त भए । पद मुक्त भएपनि लामिछाने फेरि गृहमन्त्री हुन चालेको थिए ।

तर त्यसबेला प्रधानमन्त्री प्रचण्डले गृह मन्त्रालय लामिछानेलाई दिन तयार भएनन् । गृह मन्त्रालय नपाएपछि रास्वपा सरकारबाटै बाहिरियो । त्यसबेला रास्वपाबाट शिशिर खनाल शिक्षा, डोरप्रसाद अर्याल श्रम मन्त्री र तोसिमा कार्की स्वास्थ्य राज्य मन्त्री थिइन् । रास्वपा सरकारबाट बाहिरिएको एक महिना नपुग्दै नेकपा एमाले र राप्रपा समेत सरकारबाट बाहिरिने परिस्थिति बनेको थियो ।

प्रचण्डले त्यसबेला रास्वपालाई गृहमन्त्री नदिने अडान लिनुको पछाडि भने आफ्नै पार्टीका नेताहरुलाई मनाउन नसक्नु थियो । वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले त्यसबेला गृह मन्त्रालय मागेका थिए । तर रास्वपाले गृह पाएपछि श्रेष्ठ भौतिक पूर्वाधार सहित उपप्रधानमन्त्री भए । अहिले नेपाली कांग्रेस नेतृत्वको गठबन्धनमा श्रेष्ठ गृह मन्त्री छन् ।

श्रेष्ठलाई गृह दिएर पार्टीभित्रको असन्तुष्टि हल गरेपनि प्रचण्डले मन्त्रिपरिषद्लाई अहिलेसम्म पूर्णता दिन सकेका छैनन् । अहिले पनि प्रचण्ड आफैले ५ मन्त्रालयको आफै चलाइरहेका छैनन् । सत्तारुढका नेताहरुलाई मनाउन नसकेकै कारण प्रचण्डले मन्त्रिपरिषद्लाई पूर्णता दिन नसकेका हुन् । तर उपनिर्वाचनमा सत्तारुढ गठबन्धनकै उम्मेद्वार हराएर फराकिलो मतान्तरसहित लामिछाने चितवन-२ बाट जिते भने तनहुँ-१ मा स्वर्णिम वाग्ले »» पृष्ठ २ मा

# सुस्तायो बजार

अर्थतन्त्रमा देखिएको संकटको असर राजधानी उपत्यकाका मुख्य बजारमा समेत देखिन थालेको छ । व्यापारीहरुका अनुसार, व्यापार घटेपछि कारोबारमा नकारात्मक असर परेको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १५ वैशाख

उपत्यकाका मुख्य व्यापारिक थलो भनिएका असन, न्यूरोड, महाबौद्ध र चाबहिल लगायत स्थानमा व्यापार हुन छाडेपछि व्यवसायीहरु चिन्तित देखिन थालेका छन् । दिनकैं लाखौंको व्यापार हुने स्थानमा समेत ५० प्रतिशतले व्यापार घटेको भन्दै उनीहरु चिन्तित बनेका हुन् ।

कोरोनाको प्रभाव, आर्थिक मन्दी र रसिया युक्रेनको युद्ध लगायतका कारणले प्रभावित बनेको व्यवसाय यथावत् स्थितीमा फर्किने व्यवसायीले अपेक्षा गरेपनि अवस्था भने झनै जटिल भएको उनीहरुको भनाई छ । काठमाडौंका व्यस्त बसन्तपुर, ठमेल, लाजिम्पाट लगायत भित्री बजारहरूमा साना तथा मझौला व्यापार-व्यवसाय गरेर बसेकाहरू सटर छोडेर हिंड्न थालेको व्यवसायी बताउँछन् ।

'पहिला मेरो दिनमै हजारौंको व्यापार हुन्थ्यो भने अहिले ४ दिनमा हजारको व्यापार हुन गाह्रो छ, यता राखेका स्टाफ र घरबहाल तिर्न पनि उत्तिकै गाह्रो छ, सोही कारणले अहिले व्यापार छोड्नेको संख्या बढेको हो,' न्यूरोडका व्यवसायी जय दाहालले भने । उनले ग्राहक बजारमा नआउँदा व्यापार थेग्नै गाह्रो भएको बताएका हुन् ।

काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा 'टु लेट' घर र सटर भाडामा सहितका पोष्टर तथा होडिङ बोर्डहरु जतातत्तै भेटिन थालेका छन् । काठमाडौं, ललितपुर र भक्तपुरका विभिन्न ठाउँमा आवास तथा व्यवसायिक प्रयोजनका लागि भनेर राखिएका 'टु लेट' पोष्टरहरु पछिल्लो समय बढेको देखिन्छ ।

'व्यापार ठप्प भएपछि सटर भाडा तिर्न र कामदारलाई तलब दिनसक्ने अवस्था रहेन, तसर्थ, मलाई कतिपय व्यवसायीले फोन गरेरै ४ दिनदेखि बोनी नभएको सुनाउँछन्, मेरो यति कार्पेटको ब्राण्ड बन्दा त व्यापार ह्वात्तै घटेको छ, यति कार्पेटका प्रमुख अनिल केडियाले भने ।

उनले बजारमा पैसा नभएकै कारण मानिसहरुले अत्यावश्यक बाहेकका सामान किन्न छाडेका बताएका हुन् । पछिल्लो समय लिभिङ रुम, बेड रुम, किचेनसहितको फ्ल्याट सिस्टमका घरहरू समेत खाली हुँदै जान थालेका छन् ।



राजधानीको चाबहिलस्थित गोपीकृष्ण हल नजिकै सडक छेउमा फुलेको ज्याकारान्डा । तस्वीरः मेघनाथ पहाडी

## अनलाइन व्यापारको प्रभाव

टिकटक, फेसबुक र विभिन्न सामाजिक सञ्जालको माध्यमबाट व्यापार व्यवसाय गर्नेको संख्या बढेसँगै पसलका व्यापारीहरु थप मारमा पर्न थालेका छन् । लकडाउनको समयमा मानिसहरु घरभित्रै बस्दा पनि ई-कमर्श प्लेटफर्मबाट कपडा, खाद्यान्नलगायतका सामग्री खरिद गर्न थाले । सोही व्यापारको प्रभाव बढ्दै जाँदा पछिल्ला दिनमा अनलाईन व्यवसायले बजार लिन थालेको छ । घरबाटै सामाजिक सञ्जालको सहायताले सामान डेलिभरी गरेर व्यापार गर्नेको संख्या ह्वात्तै बढेसँगै पसल राख्नेहरुको व्यापार घटेको व्यवसायी बताउँछन् । आर्थिक मन्दीको असरले व्यापार व्यवसायमा प्रभावित भएसँगै अर्थतन्त्र थप धराशायी बन्ने सम्भावना समेत बढेको छ ।

# सभामुखको अनिर्णय

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १५ वैशाख ।

प्रतिनिधिसभाको हिउँदे अधिवेशन अन्त्य हुने दिन बसेको बैठकमा सांसद लक्ष्मी महतो कोइरीबारे सांसदहरुले प्रश्न उठाएका थिए । महोत्तरीका सांसद कोइरी बिरामी विदामा रहेको जानकारी संसदलाई दिइएपछि सत्तारुढ सांसदहरुले यसबारे सभामुखको ध्यानाकर्षण गराएका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवम् पूर्व गृहमन्त्री रवि लामिछानेले कोइरी बिरामी नभएर फरार रहेको संसद् बैठकमा बताएका थिए । उनले आफू गृहमन्त्री हुँदा कोइरी भारतमा लुकेको ठाउँ समेत थाहा भएको संसदमै बताए ।

लामिछानेले भन्दा अगाडि सत्तारुढ सांसदहरुले कोइरीबारे तथ्य कुरा संसदमा आउनुपर्नेमा अडान लिए । सभामुख देवराज घिमिरेले भने फरार रहेको जानकारी नआएको संसदलाई बताए । घिमिरेले संसद नियमावली बनेपछि फरार भन्ने जानकारी नआएको बताएर अगाडि बढ्न खोजेका थिए । तर सांसदहरुले आपत्ति जनाए ।

यसपछि संसद बैठक स्थगित गरेर सांसद कोइरीबारे के गर्ने भन्ने लामो छलफल भएको थियो । तर निष्कर्ष निस्किएन । राति १० बजेसम्म भएको छलफल निष्कर्षमा नपुगेपछि सभामुख घिमिरेले सांसद कोइरीबारे निर्णय अर्को अधिवेशनले गर्ने जानकारी दिए ।



सरकारले शुक्रबार मध्यरातबाट अधिवेशन अन्त्यको निर्णय गरिसकेकाले सांसद कोइरीको विषय पनि अनिर्णयकै विषय बनेको छ । गत निर्वाचनमा महोत्तरी-१ बाट एमालेका उम्मेद्वार बनेर कोइरी निर्वाचित भएका थिए । उनले सत्तारुढ गठबन्धनका तर्फबाट नेकपा माओवादी केन्द्रका गिरिराजमणि पोखरेललाई पराजित गरी निर्वाचित भएका थिए ।

तर मधेश आन्दोलनका क्रममा प्रहरी हत्याको आरोप लागेको कोइरी अहिले पनि »» पृष्ठ २ मा

## हिउँदे अधिवेशन अन्त्य

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ वैशाख ।

संघीय संसद्को हिउँदे अधिवेशन शुक्रबारदेखि अन्त्य भएको छ । मन्त्रिपरिषद्को सिफारिसमा कार्यवाहक राष्ट्रपति रामसहायप्रसाद यादवले शुक्रबार राति १२ बजेदेखि लागू हुनेगरी संघीय संसद् अन्तर्गत प्रतिनिधिसभा र राष्ट्रियसभाको हिउँदे अधिवेशन अन्त्य गरेका हुन् ।

कार्यवाहक राष्ट्रपति यादवले जारी गरेको सूचनामा भनिएको छ, 'नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०१/१२ को सिफारिसमा संघीय संसद्को दुवै सदनको चालु अधिवेशन संवत् २०८० साल वैशाख १५ गते शुक्रबार राती १२:०० बजेदेखि अन्त्य गरेको छु ।'

राष्ट्रिय सभामा १३ औं अधिवेशन अन्तर्गत यो हिउँदे अधिवेशनमा १९ बैठक बसेको थियो भने प्रतिनिधि सभामा २८ बैठक बसेको छ । जेठ १५ मा बजेट ल्याउनु पर्ने संवैधानिक व्यवस्था अनुसार त्यसअघि बजेट तयारीबारे संसदमा छलफल हुने गर्दछ ।

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगार बचतपत्र पुनः बिक्री खुला

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ वैशाख

वैदेशिक रोजगारमा रहेका नेपाली कामदारलाई लक्षित गरी नेपाल राष्ट्र बैंकले वैदेशिक रोजगार बचतपत्र पुनः बिक्री खुला गरेको छ । नेपाल राष्ट्र बैंकले वैशाख १७ गतेदेखि ९७ करोड ७५ लाख ७० हजार रुपैयाँको वैदेशिक रोजगार बचतपत्र २०८५ निष्काशन गर्न लागेको हो ।

बचतपत्र खरिदका लागि जेठ २४ गतेसम्म आवेदन दिन सकिनेछ । राष्ट्र बैंकले उक्त बचतपत्रको ब्याजदर ११ प्रतिशत तोकेको छ । गत फागुनमा बिक्रीका लागि खुला गरिएको बचतपत्रको ब्याजदर १२.५० प्रतिशत रहेको थियो।

वैदेशिक रोजगारमा रहेका अतिरिक्त वैदेशिक रोजगारबाट फर्केको ६ महिना अवधि नपुगेका नेपाली नागरिक र गैरआवासीय नेपालीले आफ्नो परिवारको नाममा उक्त बचतपत्र खरिद गर्न सक्ने राष्ट्र बैंकले जनाएको छ । भारतमा रहेका नेपालीहरूले भने त्यसमा आवेदन गर्न पाउँदैनन् ।

बचतपत्रको ब्याज ६-६ महिनामा भुक्तानी हुनेछ । राष्ट्र बैंकका अनुसार उक्त बचतपत्रमा घटीमा १० हजार रुपैयाँ र बढीमा माग गरिएको कुल रकममा नबढ्ने गरी १० हजार रुपैयाँले भाग हुने रकममा आवेदन गर्न सकिने बताइएको छ ।

बचतपत्र खरिदका लागि आवेदनकर्ताले आफ्नो राहदानी, भिसाको प्रतिलिपि, विदेशी मुद्रामा खाता रहेको भए »» पृष्ठ २ मा

## 'टेलिमेडिसिन' सेवा प्रभावकारी बन्दै

**काठमाडौं/रासस–** वैदेशिक रोजगारीमा रहेका श्रमिकका लागि लक्षित गरेर सञ्चालन गरिएको 'टेलिमेडिसिन' सेवा प्रभावकारी देखिएको छ । सरकारले गत चैत १५ गतेदेखि वैदेशिक रोजगारीमा रहेका श्रमिकका लागि विशेषज्ञ सुविधासहितको टेलिमेडिसिन सेवा सञ्चालन गरेको थियो ।

त्यसयता विदेशमा रहेका एक सय ५६ श्रमिकले स्वास्थ्य सेवा लिएको वैदेशिक रोजगार बोर्डका निर्देशक राजन पौडेलले जानकारी दिए । मध्यपूर्व र मलेसियामा काम गर्दै आएका श्रमिकले टेलिमेडिसिनमार्फत सेवा लिएका छन् । चार जना विशेषज्ञ चिकित्सकमार्फत स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

वैदेशिक क्षेत्रमा रहेका श्रमिकका लागि सञ्चालनमा ल्याइएको टेलिमेडिसिन सेवाको »» पृष्ठ २ मा

## वैदेशिक रोजगारीमा गएकाहरुको विवरण संकलन गर्दै भरतपुर

**भरतपुर/रासस-** भरतपुर महानगरपालिकाले वैदेशिक रोजगारीमा गएका व्यक्तिको विवरण संकलन गर्ने भएको छ । कामको सिलसिलामा विभिन्न मुलुकमा गएका नागरिकको सही तथ्यांक लिन वैशाख १६ गतेदेखि विवरण संकलन गर्न लागिएको हो ।

महानगरका २९ वटै वडामा गएर गणकले वैदेशिक रोजगारीमा गएका घरपरिवारका सदस्यसँग यथार्थ विवरण संकलन गर्नेछन् । त्यसका लागि बिहीबारदेखि महानगरपालिकाले वैदेशिक »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१६ वैशाख २०८०, शनिबार
29 April 2023, Saturday

# जनता आवासको भवन निर्माण सम्पन्न नहुँदा त्रिपालमुनि बास

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १५ वैशाख



कपिलवस्तुको कृष्णनगर नगरपालिका वडा नं. १ छिटौनी गाँउमा जनता आवासका भवन निर्माणमा ढिलाइ हुँदा स्थानीयवासी मर्कामा परेका छन् । गत आर्थिक वर्षमा नै भवन निर्माणको काम शुरु गरिएको भएपनि हालसम्म निर्माण कार्य पूरा हुन सकेको छैन। जसका कारण उपभोक्ताहरु त्रिपालमुनि बस्न बाध्य छन्।

प्रदेश सरकारको कार्यक्रमअन्तर्गत गरिब घरपरिवारका लागि जनता आवास कार्यक्रममार्फत पक्की घर निर्माण गरिँदै आएको छ। तर निर्माण कार्य समयमा सम्पन्न नभएपछि लामो समयदेखि फुसको छाप्रो र त्रिपालमुनि बस्न बाध्य भएको उपभोक्ताहरुको गुनासो छ।


'हामी घरविहीन भएका छौं, कसले बुभ्ने हो हाम्रो दुःख ?' स्थानीय सत्तन पासीले भने, 'हावाहुरी पानी पर्दा आफ्नो बालबच्चा र खाने, पिउने सामान लिएर छिमेकीको घरमा बस्नुपर्ने स्थिति रहेको छ ।' भवन निर्माणको जिम्मा पाएका पूर्व प्रदेश सभा सदस्य विजय पाण्डेका कारण भवन निर्माणमा ढिलाइ भइरहेको स्थानीयको आरोप छ । पाण्डेले बैंकबाट पैसा निकाल्ने बेला चेक र अन्य कागजमा हस्ताक्षर गराउने गरेको तर काम समयमा सम्पन्न गराउने विषयमा वास्ता नगरेको स्थानीयको भनाइ छ ।

तर सवओभरसेयर गोपाल क्षेत्री भने उपभोक्ताकै ढिलासुस्तीका कारण निर्माण कार्य सम्पन्न हुन नसकेको बताउँछन् । छिट्टै निर्माण कार्य सम्पन्न गरी भुक्तानी गर्नका लागि पटक-पटक जानकारी गराउँदै आएपनि उपभोक्ताका कारण भवन अधुरो भएको उनको भनाइ छ ।

लुम्बिनी प्रदेश सरकारले गरिब, अति विपन्न जनता, पहुँच नभएका परिवारलाई पक्की भवन निर्माण गरी सुरक्षित बास बस्ने व्यवस्था गर्ने उद्देश्यले जनता आवास कार्यक्रम लागू गरेको थियो । तर बिचौलियाहरुका कारण विपन्न परिवारले सुरक्षित बास पाउन सकेका छैनन् ।

# डोल्पामा पुग्यो राष्ट्रिय प्रसारणको विद्युत

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, १५ वैशाख



कर्णाली प्रदेशको डोल्पा जिल्ला विद्युतको राष्ट्रिय प्रसारण प्रणाली (ग्रिड)मा जोडिएको छ। नेपाल विद्युत प्राधिकरणले बिहीबार डोल्पाको जुफाल, त्रिपुराकोट, सुँ, जिउँलगायतका बस्तीहरुमा राष्ट्रिय प्रसारण लाइनको परीक्षण गरेर विद्युत दिन शुरु गरेको हो ।

रुकुम पश्चिमअन्तर्गत पर्ने मुसिकोट सबस्टेसनको गोतामकोट हुँदै ११ केभीको राष्ट्रिय प्रसारण लाइनको डोल्पामा सफल परीक्षण गरेर विद्युत वितरण गरिएको नेपाल विद्युत प्राधिकरण डोल्पा वितरण केन्द्रका सुपरभाइजर ध्रुबबहादुर बिकले जानकारी दिए ।

'डोल्पाको त्रिपुराकोट, जुफाल, सुँ, जिँउ लगायतका बस्तीमा बिहीबार राष्ट्रिय प्रसारणको विद्युत झलमल बलेको थियो,' उनले भने, 'डोल्पासम्म पुग्ने दुरी लामो भएकाले शुक्रबार विद्युत टुटेको छ, अब केही दिनभित्रै नियमित बत्ती बल्छ ।'

वैशाख १५ गतेसम्म राष्ट्रिय प्रसारण लाइने जोड्ने लक्ष्य राखिएको भएपनि एकदिन अगावै लाइन जोड्न सफल भएको पनि उनले जानकारी दिए। अब कर्णाली प्रदेशका १० जिल्लामध्ये आठ जिल्ला राष्ट्रिय ग्रिडमा जोडिएका छन् । अब हुम्ला र मुगुमा ग्रिडको विद्युत पुग्न बाँकी छ ।

# सिरहामा १५ वर्षीया बालिका बलात्कृत दोषीमाथि कारबाहीको माग

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १५ वैशाख

सिरहाको मिचैया नगरपालिका १० को मथिलेश्वरटोलमा एक १५ वर्षीया बालिका बलात्कृत भएकी छिन् । उनलाई स्थानीय एक युवकले गत वैशाख १२ मा बलात्कार गरेको खुलेपछि उनको नाममा किटानी जाहेरी दिइएको छ। बलात्कारको अभियोग लागेका स्थानीय रुस्तम यादवलाई पक्राउ गरेर कारबाहीको प्रक्रिया अघि बढाइएको दलित विकास मञ्च सिरहाका सामाजिक परिचालक सुनिल सदाले जानकारी दिए । उनले पीडित पक्षले न्यायको लागि गुहार माग्दै आएपछि इलाका प्रहरी कार्यालय मिर्चैयामा जाहेरी दर्ता गरी कारबाहीको प्रक्रिया शुरु गरिएको बताए ।

'पीडकका पक्षका आफन्तले पाँच लाख रुपैयाँ दिन्छु भनी गाँउमा मिलेमतो गर्न दबाब दिएका थिए' सुनिल सदाले मध्यान्हसँग भने, 'तर हामीले धाकधम्कीको वास्ता नगरी कानूनी कारबाहीका लागि प्रक्रिया अघि बढाएका छौं ।' स्थानीय दलित समुदायले पनि दोषीलाई कडा कारबाही तथा बालिकालाई राहत दिनुपर्ने माग गरेको छ ।

# महाविर पुन धर्नामा



काठमाडौं/मस-राष्ट्रिय अविष्कार केन्द्रका संस्थापक महावीर पुनले सरकार समक्ष विभिन्न माग राख्दै शुक्रबारदेखि माइतीघरमा धर्ना शुरु गरेका छन्।

पुनले अनुसन्धान, नवप्रर्वतन र अविष्कार तथा अनुसन्धानमा सहयोग गर्न संघ र प्रदेश सरकारले विकास बजेटको एक प्रतिशत रकम छुट्याउन र 'अनुसन्धान, नवप्रर्वतन र अविष्कार कोष'मा उक्त रकम जम्मा गर्नुपर्ने माग गरेका छन् ।

उनले कोषको रकम सहज तरिकाले समयमै प्रतिभाशाली र नवीनतम सोच भएका नेपालीलाई उपलब्ध गराउन छुट्टै 'अनुसन्धान, नवप्रर्वतन र अविष्कार प्रवर्द्धन, सञ्चालन तथा खरिद ऐन' बनाउनुपर्ने बताए। अनुसन्धान केन्द्रबाट उत्पादन भएका वस्तुको बजारीकरणका लागि नीति नियम बनाउनुपर्ने, कामलाई सहज बनाउन र आवश्यक अनुसारको नीति नियम बनाउन 'नवउद्यमी प्रवर्द्धन समिति' बनाउनुपर्ने, नवउद्यमी बन्न चाहने नेपालीका लागि अनुमति, लाइसेन्स, अनुदान र सहज ऋण उपलब्ध गराउनुपर्ने पनि उनको माग छ ।

निजी अनुसन्धान केन्द्र, मुनाफा वितरण नगर्ने अनुसन्धान केन्द्र र विश्वविद्यालयमा व्यवहारिक अनुसन्धानलाई उच्च प्राथमिकताका साथ प्रोत्साहन गर्न र प्रवर्द्धनका लागि विज्ञान मन्त्रालयअन्तर्गत व्यवहारिक अनुसन्धान र नवप्रर्वतन विभाग खोल्नुपर्ने उनको माग छ ।

# 'शैक्षिक गुणस्तर वृद्धिमा अतिरिक्त क्रियाकलापको महत्वपूर्ण भूमिका'



**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, १५ वैशाख

सैनामैना नगरपालिकाका नगर प्रमुख फणीन्द्र प्रसाद शर्माले अतिरिक्त क्रियाकलापले शैक्षिक गुणस्तर उचाइमा पुऱ्याउने बताएका छन् ।

सैनामैन नगरपालिका वडा नं.६ मा रहेको सहिद नारायण पोखरेल रामापुर क्याम्पसमा शुक्रबार आयोजित पुरस्कार वितरण कार्यक्रममा मन्तव्य राख्दै उनले सो कुरा बताएका हुन्।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका प्रमुख शर्माले भने, 'विद्यालयको शैक्षिक गुणस्तरवृद्धिका लागि शिक्षक, विद्यार्थी, अभिभावक सबैको महत्वपूर्ण भूमिका रहन्छ । अर्कोतर्फ विद्यालयले विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापतर्फ ध्यान केन्द्रित गर्नुपर्छ ।'

उनले नगरभित्रका विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि सक्दो सहयोग गर्ने प्रतिवद्धता समेत जनाए।

सो अवसरमा 'एनुअल स्पोर्टस् मिटमा' सहभागी भई विभिन्न विधामा सफल विद्यार्थीहरुलाई पुरस्कार समेत वितरण गरिएको थियो ।

सहायक क्याम्पस प्रमुख जगलाल गिरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्याम्पस प्रमुख हेम बहादुर थापाको विशिष्ट आतिथ्यता, पूर्व क्याम्पस प्रमुख दिनेश पन्थी, यदुलाल पन्थ, क्याम्पसका विभागीय प्रमुखहरुको उपस्थिति रहेको थियो ।

गणेश पोखेलले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन प्रकाश आचार्यले गरेका थिए ।

# अलपत्र युवतीको उद्धार



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १५ वैशाख

भारतको बैरगनियाबाट ललाईफकाई नेपाल घुमाउन ल्याइएको एक नाबालिकालाई सर्लाहीबाट प्रहरीले सकुशल उद्धार गरेको छ। मानव बेचबिखनविरुद्धको संस्था साना हातहरु नेपाल र नेपाल प्रहरीको संयुक्त टोलीले नाबालिकालाई नेपाल-भारत सीमा चेकपोष्टबाट उद्धार गरेको हो । उद्धारपछि प्रहरीले उनको अभिभावकलाई खबर गरिसकेको साना हातहरु नेपालका स्टेशन मेनेजर ललन यादवले मध्यान्हलाई जानकारी गराए ।

उनका अनुसार नाबालिकालाई भारत घर भएका एक व्यक्तिले विवाह गर्छु र नेपाल घुमाइदिन्छु भनी नेपाल ल्याएका थिए । तर उनले बीचमै नाबालिकालाई अलपत्र पारेपछि नेपाल भारत चेकपोष्टम रोइरहेको अवस्थामा फेला पारेको उनले बताए । उनलाई अहिले बैरगनिया एसएसबी क्याम्पलाई जिम्मा लगाइएको पनि उनले जानकारी दिए ।

# विद्यार्थी अभावमा विद्यालय सञ्चालन गर्न कठिनाइ




**हुम्ला/मस-** चीनसँग सिमाना जोडिएको हिमाली जिल्ला हुम्लाको नाम्खा गाँउपालिकाको वडा नं ५ मा रहेको अरनिको प्राथमिक विद्यालयमा विद्यार्थी अभावको समस्यामा परेको छ । कक्षा पाँचसम्म पढाइ हुने भएपनि अरनिको प्राथमिक विद्यालयमा नौ जना विद्यार्थी र दुई जना शिक्षक मात्र छन् ।

विद्यार्थी कम भएका कारण सबै विद्यार्थीलाई एउटै कक्षामा राखेर पढाउनुपर्ने बाध्यता रहेको गाँउपालिकाका शिक्षा संयोजक मनराज बुढाले बताए । 'सबै विद्यार्थीहरु एउटै कोठामा पढ्ने भएकाले कुन विद्यार्थी कुन कक्षामा पढ्छन् भनेर भन्न हामी आफैंलाई अप्ठ्यारो छ,' उनले भने, 'भएका शिक्षकहरु पनि नियमित नआउने भएकाले पनि विद्यालय सञ्चालनमा कठिनाइ भएको छ । सोही कारण कहिले विद्यालय बन्द गर्ने र कहिले खुला गर्ने भन्नेमा पनि दुविधा हुने गरेको छ ।'

विद्यालयमा शिक्षक हरिनारायण चौधरी र कुन्जोक जाग्मु लामाले पठनपाठन गराउँदै आएका छन् । तर उनीहरु पनि नियमितरुपमा विद्यालय नआउने भएका कारण समस्या भइरहेको नाम्खा गाउँपालिकाका उपाध्यक्ष तक्दिर लामाले जानकारी दिए । सबै विद्यार्थीहरुलाई एउटै कक्षामा पढाउँदा कतिपय विद्यार्थीहरुले पढाइ नबुझेर विद्यालय नै छाड्ने गरेको अनुभव पनि उनीसँग छ ।

# आठबिसकोटका पशुहरुमा लम्पी स्किन रोग

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १५ वैशाख



रुकुम पश्चिमको आठबिसकोट नगरपालिका र छिमेकी जिल्लाका पशुहरुमा लम्पी स्किन रोग देखा परेको छ । खेतीपातीको सिजन आएका बेला पशुहरुमा लम्पी स्किन रोग देखा पर्न लागेको पशु सेवा शाखा आठबिसकोटले जनाएको छ।

आठबिसकोट नगरपालिकाको वडा नं ११ का पशुहरुमा लम्पी स्किन रोग देखा परेको नगरपालिका पशु सहायक प्राविधिक कमल केसीले जानकारी दिए । आठबिसकोट नगरपालिकाका गाई र गोरुमा लम्पी स्किन रोग व्यापकरुपमा फैलिरहेको छ ।

यो रोग देखा परेमा पशु सेवा शाखामा सम्पर्क गर्न पशु प्राविधिक उपेन्द्र ओलीले अनुरोध गरेका छन्। जटिल अवस्था भएमा सतर्कता अपनाउन र आफ्नो पशुको समयमै उपचार गर्नका लागि पशु सेवा शाखामा आउन कृषकहरुलाई उनले आग्रह गरेका हुन् । खेतीपातीको काम शुरु हुने बेलामा गाई बस्तुमा लम्पी स्किन रोग देखिन थालेपछि समस्या भएको आठबिसकोट ११ का किसान कर्णबहादुर खड्काले बताए।

# हिमा गाउँपालिकाका पूर्वअध्यक्ष शाहीको निधन

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, १५ वैशाख



जुम्लाको हिमा गाउँपालिकाका पूर्वअध्यक्ष रजबहादुर शाहीको निधन भएको छ । कोहलपुर मेडिकल कलेजमा बिहीबार बिहान उपचारको क्रममा उनको निधन भएको हो । ६० वर्षीय शाहीको पाइल्सको शल्यक्रिया गरिएको आफन्त तथा पूर्ववडाध्यक्ष मुनबहादुर बुढाले जानकारी दिए ।

हिमा गाउँपालिका ६ महावैपाथर खोला निवासी शाही पहिलो स्थानीय तहको निर्वाचन २०७४ मा एमालेका भैबहादुर रोकायालाई पराजित गर्दै गाउँपालिका अध्यक्षमा निर्वाचित भएका थिए । नेकपा माओवादी केन्द्र पार्टीका केन्द्रीय वैकल्पिक सदस्य लक्ष्मीकन्या बुढाका अनुसार उपचारको क्रममा नेपालगन्जस्थित कोहलपुर अस्पतालमा निधन भएको हो । दुई साताअघि पार्टीकै कार्यक्रममा सक्रिय रहेका माओवादी केन्द्रका कर्णाली प्रदेश सदस्य नेता शाही बिरामी भएपछि अस्पतालमा भर्ना भएका थिए । नेता शाहीको कोहलपुर अस्पतालमा निधन भएपनि जुम्ला ल्याएर दाहसंस्कार गर्ने तयारी गरिएको नेकपा माओवादी केन्द्र पार्टीले जनाएको छ ।

## अप्ठ्यारोमा...

रास्वपाकै उम्मेद्वार बनेर निर्वाचित भए। लामिछाने र वाग्ले दुवैले शुक्रबार शपथ लिएका छन्। रास्वपाले पनि मागेको मन्त्रालय पाए सरकारमा जाने संकेत दिएको छ । यसले फेरि पनि मन्त्रिपरिषद् बिस्तारमा विलम्ब हुने देखिएको छ । सँगै, प्रधानमन्त्री प्रचण्ड भने मन्त्रालय हिसाब मिलाउनुपर्ने थप दबावमा परेका छन् । रास्वपालाई गृहसहित उसले मागेको मन्त्रालय दिनुपर्ने, जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव आफै सरकारमा आउने चाहनामा रहेको र प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसको संस्थापन इतर समूह मनाउनु प्रचण्डलाई सजिलो छैन।

## वैदेशिक...

बचतपत्र खरिदमा प्रयोग भएको उक्त रकम, जम्मा वा खर्च भएको बैंक स्टेटमेन्ट, विदेशमा कार्यरत कम्पनीको म्याद ननाघेको आधिकारिक परिचयपत्रको प्रतिलिपि, पासपोर्ट साइजका दुईप्रति फोटो, परिवारका सदस्यका नाममा खरिद गर्ने भए उनीहरूको नागरिकता प्रमाणपत्र, नाबालिगको नाममा भए जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्छ ।

राष्ट्र बैंकले उच्च महत्व दिएर प्रत्येक वर्ष वैदेशिक रोजगार बचतपत्र बिक्री आह्वान गरेपनि वैदेशिक रोजगारमा रहेका कामदार भने उत्साही नदेखिएको राष्ट्र बैंककै निष्कर्ष छ ।

## टेलिमेडिसिन...

प्रभावकारिता विस्तारै बढ्दै गएको पौडेलको भनाइ छ । बोर्डले वीर अस्पतालसँग समन्वय गरेर सो सेवा सञ्चालन गर्दै आएको छ । साताको दुई दिन विशेषज्ञ सेवा र सार्वजनिक बिदाका दिनबाहेक सामान्य चिकित्सकीय सेवा प्रदान हुँदै आएको छ ।

हरेक आइतबार र शुक्रबार विशेषज्ञ चिकित्सकले श्रमिकलाई स्वास्थ्य सेवा दिनेछन् भने अन्य दिन एमबीबीएस गरेका चिकित्सकले सेवा दिँदै आएको बोर्डले जनाएको छ। एमबीबीएस चिकित्सकले श्रमिकका लागि विशेषज्ञ सेवा आवश्यक परे विशेषज्ञ चिकित्सकसमक्ष सिफारिस गर्ने गरेका छन् ।

आइतबार र शुक्रबार श्रम गन्तव्य मुलुकमा सार्वजनिक बिदा पर्ने भएकाले सो दिन विशेषज्ञ सेवा उपलब्ध गराइएको बोर्डले जनाएको छ। टेलिमेडिसिनमार्फत सेवा लिने श्रमिकलाई विभिन्न स्वास्थ्य समस्याको उपचार, औषधिको सिफारिस र मनोपरामर्श प्रदान गरिँदै आइएको छ ।

बिरामी श्रमिकले सम्पर्क गरेको ह्वाट्सएप तथा भाइबरमा चिकित्सकले औषधि सिफारिस गर्ने गरेको बोर्डका निर्देशक पौडेलले जानकारी दिए। बिरामी श्रमिकले चिकित्सकले प्रस्ताव गरेका औषधि नेपाली बजारबाट खरिद गरेर लैजानुपर्ने उनको भनाइ छ ।

सरकारले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकको स्वास्थ्यसम्बन्धी समस्या समाधानका लागि आवश्यकताअनुसार समयमा नै सल्लाह, सुझाव र परामर्श सेवा उपलब्ध गराउने उद्देश्यले टेलिमेडिसिन सेवा शुरु गरेको हो। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत फागुन २ गते टेलिमेडिसिन सेवा सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गरेको थियो ।

टेलिमेडिसिन सेवा लिन चाहने नेपाली श्रमिकले मोबाइल नम्बर ९८५१३४५७०१ र ९८५१३४५७०२ नम्बरको भाइबर र ह्वाट्सएपलगायत सामाजिक सञ्जालबाट फोन गर्न सक्नेछन्। वैदेशिक रोजगारीको सिलसिलामा हाल एक सय ५० भन्दा बढी मुलुकमा नेपाली श्रमिक रहेका छन् ।

## वैदेशिक...

रोजगारसम्बन्धी तथ्यांक संकलन, अभिलेखीकरण तथा पार्श्वचित्र निर्माण गर्न गणकलाई दुई दिने अभिमुखीकरण कार्यशाला गोष्ठी आयोजना गरेको छ। स्वास्थ्य तथा सामाजिक विकास महाशाखाकी निर्देशक शान्ताकुमारी पौडेलले प्रत्येक वडाबाट एकएक गणकलाई प्रशिक्षण दिएर सम्बन्धित वडामा खटाइने बताइन्। 'यो महानगरको एउटा महत्वपूर्ण काम हो,' उनले भनिन्, 'महानगरले अब वैदेशिक रोजगारीमा गएका व्यक्तिको दस्तावेज निर्माण गर्ने छ ।'

गणकले आगामी असार १५ भित्रमा तथ्यांक संकलन गरेर महानगरपालिकामा बुझाइ सक्नुपर्ने निर्देशक पौडेलले बताइन्। वडामा जाने गणकहरूले वैदेशिक रोजगारीमा गएका व्यक्तिको घरघरमा गएर उनीहरुको पारिवारिक विवरणका साथै लिङ्ग, उमेर, वैदेशिक रोजगारीमा गएको अवधि, बुझेर गए नगएको, सीप सिके नसिकेको, मान्यता प्राप्त म्यानपावरबाट गए नगएको, वैदेशिक रोजगारीबाट फर्कनु पर्नाको कारण, फर्केर आएपछि व्यापार व्यवसाय गरे नगरेको जस्ता थुप्रै विवरण अध्यावधिक गर्ने छन् ।

प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै महानगरका उपप्रमुख चित्रसेन अधिकारीले यो विवरण संकलन भएपछि वैदेशिक रोजगारीमा गएकाको यकिन तथ्यांक आउने र फर्केर आएकाले महानगरपालिकाबाट कस्तो अपेक्षा गरेका छन् भन्ने कुराको प्रष्ट खाका तयार बनाउन सहयोग पुग्ने जानकारी दिए ।

## सभामुखको...

फरार सूचीमा छन् । फरार अवस्थामै कोइरीले चुनाव जितेका थिए। तर कोइरीले विरामी विदाको निवेदन संसदमा पठाएका थिए । उक्त निवेदन संसदमा पेश भएपछि सत्तारुढ सांसदहरुले आपत्ति जनाए भने सभामुख घिमिरेले कुनै निर्णय दिन सकेनन् ।

**मोटरसाईकल हरायो**

मिति २०८०/०१/१३ गते अन्दाजी १४:०० बजे का.जि. टोखा न.पा. वडा नं. ३ धनेश्वरमा पार्किङ गरेको बाग्मती प्रदेश ०२-०४१ प ००८६ को रातो कालो रङ्गको 220CC को ABS पल्सर मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

| | |
|---|---|
| सवारी धनी | : रितेश अधिकारी |
| ईन्जिन नं | : DKXCMJ33141 |
| च्यासिस नम्बर | : MD2AI3EXOMCJ98909 |
| सम्पर्क नं. | : ९८४०७३९९४५ |
| ठेगाना | : राईनस नपा-७, लमजुङ |

**हार्दिक श्रद्धाञ्जली**



जन्मः वि.स. २०३३/४/८
स्वर्गारोहणः वि.स. २०७९/१२/२४

हाम्रा सुभेच्छुक, सहयोगी मार्भलस इम्प्लोइमेन्ट नेपाल प्रा.लि.का संस्थापक तथा अध्यक्ष

**रिन्जि राई**

को असामयिक स्वर्गारोहण भएको ११औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

सीतादेवी श्रेष्ठ, प्रकाशक
मदनकुमार श्रेष्ठ, सम्पादक
तथा मध्यान्ह दैनिक परिवार

# नाम्खा पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १५ वैशाख

हुम्लाको उत्तरी क्षेत्रमा पर्ने नाम्खा गाउँपालिका पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा भएको छ । बिहीबार एक कार्यक्रमकाबीच नाम्खा गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गरिएको हो । नाम्खा गाउँपालिकाका ६ वटा वडामा १५ महिना मुनिका बालबालिका र १६ महिनादेखि २३ महिना मुनिका बालबालिकालाई दुई चरणमा एक महिना १४ दिन लगाएर खोप दिइएको नाम्खा गाउँपालिका स्वास्थ्य संयोजक ग्याचु लामाले बताए । संयोजक लामाले सम्पूर्ण स्वास्थ्यकर्मीको सहयोगमा पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गर्न पाएकोमा खुसी लागेको बताए ।

कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख दलु फडेराले नेपाल सरकारबाट दिइएको १६ प्रतिशत रकम स्वास्थ्यमा छुट्याउनु पर्ने भनिए पनि लागू नभएको बताए । उनले नाम्खा गाउँपालिकाले नेपाल सरकारबाट आएको रकम स्वास्थ्यमा छुट्याउन पालिकालाई अनुरोध गरे । पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा कार्यक्रममा जिल्ला अस्पताल हुम्लाबाट सहभागिता जनाएका जिल्ला अस्पताल कार्यलय हुम्लाका प्रमुख प्रेमबहादुर सिंहले पूर्ण खोप सुनिश्चित घोषणा गर्न हुम्ला सदरमुकामसँग नजोडिएका गाउँपालिकामा समस्या भएकाले तीन वटा गाउँपालिकालाई खोप सेन्टर स्थापन गर्ने निर्णयअनुसार नाम्खालाई पनि समावेश गरिने बताए । आगामी आर्थिक वर्षमा खोप सेन्टर स्थापना गर्ने लक्ष्य रहेको उनले बताए । नाम्खा गाउँपालिकाका अध्यक्ष प्रेम लामाले लगातार ८ वर्षको लामो प्रयासपछि नाम्खालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गरेकोमा सम्पूर्ण स्वास्थ्यकर्मीलाई धन्यवाद दिए ।

कार्यक्रममा नाम्खा गाउँपालिकाले ६ वटै वडाका अध्यक्षलाई स्वास्थ्य क्षेत्रमा सहयोग पुऱ्याएकोमा प्रमाणपत्र दिएको थियो । त्यस्तै गाउँपालिकाले नाम्खामा भएका ४ वटा स्वास्थ्य चौकी र ६ वटा सामुदायिक स्वास्थ्य सेवा केन्द्रलाई पनि सम्मान गरेर प्रमाणपत्र दिएको थियो । गाउँपालिका अध्यक्ष लामाको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि जिल्ला समन्वय दलु फडेर, विशेष अथिति जिल्ला स्वास्थ्य कार्यलयका कार्यलय प्रमुख सिंह र अतिथि गाउँपालिका उपाध्यक्ष तक्दिर लामा, गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मोहन शाही, ६ वटै वडाका अध्यक्ष र सञ्चारकर्मीहरु रहेका थिए ।

# खाद्य अनुसन्धान अधिकृत ढुंगेलविरुद्ध भ्रष्टाचार मुद्दा दायर



**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग काठमाडौंका खाद्य अनुसन्धान अधिकृत योगेन्द्र ढुंगेलविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

सेवाग्राहीसँग अनुज्ञापत्रका लागि एक लाख पचास हजार घुस लिएको आरोपमा अख्तियारले शुक्रबार खाद्य अनुसन्धान अधिकृत ढुंगेलविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

ढुंगेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमको कसुरमा बिगो एक लाख पचास हजार रुपैयाँ कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गर्न माग गर्दै मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।


## हार्दिक श्रद्धाञ्जली



जन्म: बि.सं. २०३३/४/८
स्वर्गारोहण बि.सं. २०७९/१२/२४

स्व. रिन्जि राई

यस संस्थाका संस्थापक तथा अध्यक्ष **रिन्जि राईज्यू** को असामयिक एवं अकल्पनिय स्वर्गारोहण भएको ११औं पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दु:खद घडीमा आराध्यदेव श्री पशुपति नाथले वहाँको समस्त सोकाकुल परिवारजन लाई धैर्य धारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनि हार्दिक समवेदना ब्यक्त गर्दछौं ।

MARVELOUS EMPLOYMENT NEPAL
Lic.No. 065/051/052
**मार्भलस इम्प्लोइमेन्ट नेपाल प्रा.लि. परिवार**
शान्तिनगर काठमाण्डौं, नेपाल


## काठ लिलाम विक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०१/१६**

जिल्ला डोटी जोरायल गा.पा. वडा नं. ४, पिपलकण्डेमा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. २०७९/०८० मा संकलन भएर उत्पादन भई जोरायल गा.पा. ४, क्याम्पसरोडमा घाटगद्दी गरी राखिएको लट नं. १ खोटे सल्ला गोलिया थान २५८ को ४४०९.१६ क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री मालिका सा.व.उ.स. जोरायल गा.पा. ४, पिपलकण्डे, डोटी**

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Destiny Human Resource Nepal Pvt. Ltd.** श्रम इजाजत पत्र न. ७८९/०६५/०६६ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरु सँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | ठेगाना | पद |
|---|---|---|---|
| १. | मोद नाथ चौलागाईं (शंकर चौलागाईं) | मोतेचौर ०१, सिल्पा | जन सम्पर्क अधिकारी |
| २. | गौरभ भट्टराई | सोल्पाठाना ०६, सिन्धुली | दुतावास प्रतिनिधि |
| ३. | कुन्दन थारु | पदनाहा ०६, बर्दिया | कार्यालय सहयोगी |

DHR Gov. lic. No. 789/065/66
**Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email:info@destinynepal.com

## कम्पनीको नाम परिवर्तन भएको सूचना

दोश्रो पटक प्रकाशित मिति: २०८०/०१/१६

यस कम्पनीको मिति २०७९/१२/१७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी निर्वना एच.आर. प्रा.लि. (प्रा.लि.द.नं.: १३५६/०७४/०७५) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनी बर्जाया रिर्सोसेस प्रा.लि. ले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी बर्जाया रिर्सोसेस प्रा.लि. कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## KUWAIT मा रोजगारको अवसर | कम्पनी : I COOK COMPANY
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०१/१५ चलानी नं.: ६०२००८३३ LT. No.: 285330

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६४,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 2 | 0 | | 150 | ६४,०३६ | | | | | | | |
| 3. | Waitress | 1 | 0 | | 150 | ६४,०३६ | | | | | | | |
| 4. | Kitchen Helper | 1 | 0 | | 150 | ६४,०३६ | | | | | | | |
| 5. | Cleaner | 1 | 0 | | 140 | ५९,७६७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० बैशाख २३ गते (6 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 204/057/058
**इलान इन्टरनेशनल प्रा. लि.**
सामाखुसी, रिङरोड, काठमाडौं, फोन: ४३८८४९३, ४३५७८५२, ४३८७८१५, फ्याक्स: ४३५२४४३
Email: elaninternational204@gmail.com, Web.: www.elaninternational.com.np

## कतारमा रोजगार | कम्पनी: HILL TOURIST TRADING AND CONTRACTING
शहर: Doha

पुर्व स्वीकृत मिति: २०७९/११/१२ चलानी नं.: ६०१९७१७० L.T. No.: 281696 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 3000 | १०८,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 1 | 0 | | 1900 | ६८,७६१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २३ गते (6 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**QATAR INTERNATIONAL MANPOWER PVT. LTD.** 2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
E-mail: info@qim.com.np
Website: www.qim.com.np

## कुवेतमा रोजगारको अवसर | कम्पनी: AHMAD & BODOUR GENERAL TRADING CO
शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७९/११/११ चलानी नं.: ६०१९७१२१ LT. No.: 281672 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 3 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,२२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 3 | 0 | | 150 | ६४,०३६ | | | | | | | |
| 3. | Kitchen Tools Cleaner | 4 | 0 | | 100 | ४२,६९१ | | | | | | | |

अन्तर्वार्ता : मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २३ गते (6 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

License No.: 1542/ 078/079
**LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.**
**( साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)**
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu, E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

## मलेसियामा रोजगार | कम्पनी : BO GO OPTICAL SDN.BHD.
शहर: Malaysia,Selangor

पूर्व स्वीकृत मिति: २०८०/०१/१५ चलानी नं.: ६०२००८२८ LT. No.: 285414

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २३ गते (6 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १३२/०६७/०६८
**रिलायन्स एच. आर. सोलुसन प्रा. लि.**
पो.ब.नं. ११५२४, टोखा १०,गोंगबु, काठमाडौं, फोनः ४९८०७६६, फ्याक्सः ४९८७५५५, ९८५११२७७२१

## मलेसियामा रोजगारको अवसर | कम्पनी: VESSELTECH ENGINEERING SDN BHD
शहर: Selangor

पूर्व स्वीकृत मिति: २०८०/०१/१४ चलानी नं.: ६०२००८१७ LT. No.: 285350

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २३ देखि २४ गतेसम्म (6 to 7 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ने विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

Rapid Int'l Pvt. Ltd. श्रम इजाजत नं. ५७७/०६२/०६३
**RAPID INTERNATIONAL PVT.LTD.**
Seto Pool, Ram Mandir Marg, Maitidevi Kathmandu, Nepal .
फोन नं: ४४६५८७७, ४५८८९१२

## मलेसियामा रोजगार | कम्पनी: MIAOW MIAOW FOOD PRODUCTS SDN. BHD.
शहर:JOHOR

पूर्व स्वीकृत मिति: २०८०/०१/१५ चलानी नं.: ६०२००७९६ L.T. No.: 285374

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 5 | स. काममा दक्ष | 1500 | ४३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २३ गते (6 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
